वैठक संख्या : ८२
मिति :- २०७७/०८/२९ गते (सोमवार)
समय :- मध्यान्ह १ : ०० बजे

कमलामाई नगरपालिकामा नगर प्रमुख श्री खड्ग बहादुर खत्रीज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा कार्यपालिकाको वैठक बस्यो ।

| उपस्थिति | |
|---|---|
| श्री खड्ग बहादुर खत्री | नगर- प्रमुख |
| श्री मन्जु देवकोटा | उप -प्रमुख |
| श्री महेश खतिवडा | वडाअध्यक्ष - १ |
| श्री नवराज थिङ | वडाअध्यक्ष - २ |
| श्री खड्ग प्रसाद चौलागाई | वडाअध्यक्ष - ३ |
| श्री महेन्द्र प्रसाद ढकाल | वडाअध्यक्ष - ४ |
| श्री पूर्ण बहादुर खड्का | वडाअध्यक्ष - ५ |
| श्री उज्ज्वल कुमार थापा | वडाअध्यक्ष - ६ |
| श्री कर्ण बहादुर घिसिङ | वडाअध्यक्ष - ७ |
| श्री टिका बहादुर मुक्तान | वडाअध्यक्ष - ८ |
| श्री देवराज पौडेल | वडाअध्यक्ष - ९ |
| श्री रामहरी ढुङ्गेल | वडाअध्यक्ष - १० |
| श्री राम बहादुर थिङ | वडाअध्यक्ष - ११ |
| श्री ललित बहादुर आले | वडाअध्यक्ष - १२ |
| श्री किरण माझी | वडाअध्यक्ष - १३ |
| श्री जितलाल अधिकारी दनुवार | वडआध्यक्ष - १४ |
| श्री शिव कुमारी रायमाझी | कार्यपालिका सदस्य |
| श्री कान्ता ढकाल | कार्यपालिका सदस्य |
| श्री रुद्र कुमारी कार्की | कार्यपालिका सदस्य |
| श्री पदम कुमारी बस्नेत | कार्यपालिका सदस्य |
| श्री सुनिता सार्की | कार्यपालिका सदस्य |
| श्री केशर बहादुर नेपाली | कार्यपालिका सदस्य |
| श्री झौला अधिकारी दनुवार | कार्यपालिका सदस्य |
| श्री नरेश विश्वकर्मा | कार्यपालिका सदस्य |
| श्री बिशकसेन ढकाल | सदस्य- सचिव |

**निर्णय नं. १**:- सिन्धुली गढि माउनटेन भ्यू रिसोर्ट ले पेश गरेको प्रारम्भिक वातवरणीय परिक्षण स्वीकृत ।

**निर्णय नं. २** :-रातो मच्छिन्द्रनाथ कन्स्टक्शन , श्री एम्पा कन्स्ट्रक्शन प्रा.ली क.न.पा.७ र देवी मरिण कन्स्ट्रक्शन प्रा.ली क.न.पा. १ लाई 'घ' वर्गको व्यवसाय ईजाजत प्रमाण पत्र दिने ।

**निर्णय नं. ३** :- निम्न अनुसार कार्यविधिहरु स्वीकृत गर्ने ।
क) कोभिड १९ वाट रोजगार गुमाएका युवाका लागि कृषि व्यवसाय प्रवर्धन सम्बन्धी, कार्यविधि , २०७७
ख) एक वडा एक उत्पादन कार्यक्रम संचालन कार्यविधि ,२०७७

**निर्णय नं. ४** :- कमलामाई नगरपालिका वडा नं. ७ पेट्रोल पम्प- मित्रचोक -खैरेनी - दुम्की- सिम्ले- वाँस कटेरी-चिसान्तभन्ज्याङ वाटो आईई गर्ने ।

**निर्णय नं. ५** :- कमलामाई नगरपालिका क्षेत्र भित्र रहेका न्यून आय भएको व्यक्तिहरुको गत वर्ष पनि स्वास्थ्य विमा भएको र चालु आर्थिक वर्षमा वडा कार्यालयको सिफारिस अनुसार उक्त स्वास्थ्य विमा गर्ने ।

**निर्णय नं. ६**:- चालु आर्थिक वर्षमा कमलामाई नगरपालिका भीमान ईनारपानिमा शुक्रवार लाग्ने हाट को ठेक्काको लागि प्रथम पटक सुचना प्रकाशन गर्दा कुनै पनि टेण्डर नपरेको हुँदा वाकी अवधि २८ वटा हाटको न्यूनतम अंक रु.२,९७,०००।- कायम गरी नगर सभावाट अनुमोदन हुने गरी पुनः सात दिनको स्थानीय पत्रिकामा सूचना प्रकाशन गरि ठेक्का प्रक्रिया कार्यान्वयन गर्ने ।

**निर्णय नं. ७** :- चालु आर्थिक वर्षमा कमलामाई ६ शनिवार लाग्ने हाट को ठेक्काको लागि प्रथम पटक सुचना प्रकाशन गर्दा कुनै पनि टेण्डर नपरेको हुँदा वाकी अवधि २८ वटा हाटको न्यूनतम अंक रु.४,५८,०००।- कायम गरी नगर सभावाट अनुमोदन हुने गरी पुनः सात दिनको स्थानीय पत्रीकामा सूचना प्रकाशन गरि ठेक्का प्रक्रिया कार्यान्वयन गर्ने ।

**निर्णय नं. ८** :- चालु आर्थिक वर्षमा कमलामाई - ६ वसपार्क को ठेक्काको लागि दोश्रो पटक सुचना प्रकाशन गर्दा कुनै पनि टेण्डर नपरेको हुँदा वाकी अवधि को लागि न्यूनतम अंक रु.१३,२६०००।- कायम गरी नगर सभावाट अनुमोदन हुने गरी पुनः सात दिनको स्थानीय पत्रिकामा सूचना प्रकाशन गरि ठेक्का प्रक्रिया कार्यान्वयन गर्ने ।

**निर्णय नं. ९** :- कमलामाई नगरपालिकाले वडा नं ६ र ९ मा निर्माण गरेका पसल कवल कोठाहरुको प्रत्येक वर्ष भाडा वृद्धि भई रहेकोमा चालु वर्षमा कोभिड -१९ का कारणले गर्दा व्यावासय संचालन गर्न नसेको भनि व्यावसायीहरुले पेश गरेको निवेदन अनुसार चालु वर्षको लागि भाडा वृद्धि नगरी गत वर्ष अनुसार भाडा कायम गर्ने ।

**निर्णय नं. १०** :- चालु आर्थिक वर्षमा कमलामाई नगरपालिका क्षेत्र भित्र का प्रारिम्भक वातवरणीय परीक्षण भएका खोला तथा नालाहरुको नदीजन्य (दहत्तर वहत्तर) पदार्थहरुको संकलन तथा विक्रि गर्न दुई पटक वोलपत्र सूचना आव्हान गर्दा पनि ठेक्का लाग्न नसकेको हुदाँ नगरपालिकाको विकास निर्माण र घरायासी प्रयोजनका लागि समेत वाधा पर्ने भएको हुँदा प्रदेश सरकारले तोकेको दर रेटमा भित्र रहि तपसिलमा उल्लेखित अनुसार प्रत्येक वडा वाट वडा सचिवले नगदी रसिद लिई राजश्व संकलन गर्ने यसरी वडा कार्यालय र नगरपालिकाकोकार्यालयवाट अमानतमा राजश्व संकलन कार्यमा खटिने कर्मचारीहरुलाई राजश्व संकलनको आधारमा १५% ले हुन आउने रकम प्रोत्साहन स्वरुप उपलब्ध गराउने ।

| सि.न. | ढुवानी साधान विवरण | दर रेट (भ्याट सहित) | कैफियत |
|---|---|---|---|
| १ | ट्रयाक्टर | ५४०।- | |
| २ | टिपर ६ चक्के | २२००।- | |
| ३ | टिपर १० चक्के | ४३००। | |
| ४ | टिपर १२ चक्के | ५०००।- | |
| ५ | मिनि ट्रक | ११००।- | |

**निर्णय नं. ११** :- कमलामाई नगरपालिका वडा नं. ६ गैरिवजार स्थित व्यपारीहरु वाटो विस्तार गर्दा घर भत्कन गई त्यँहाका व्यपारीहरुलाई शनिवार लाग्ने हाटवजारमा निर्माण भएको पसल कवलमा सारिएको हुँदा निजहरु संग मासिक रु.२०००।- का दरले भाडा लिई चालु आर्थिक वर्षको लागी सम्झौता गरि कार्यान्वयन गर्ने ।

**निर्णय नं. १२** :- कमलामाई नगरपालिका क्षेत्र भित्र वन्ने घरहरुको हकमा ५० मिटर भित्र टुङ्गिने र त्यो भन्दा वाटो विस्तार नहुने हकमा ४ मिटर को क्षेत्राधिकार कायम गरि झयाल ,ढोका नराख्ने हकमा फासल (सेटव्याक) छोड्न नपर्ने गरि नक्सा पास गर्ने ।

**निर्णय नं. १३** :- प्रदेश समपुरक अनुदान अन्तर्गत वागमती प्रदेश सरकार वाट नगरपालिकालाई प्राप्त वजेट ठेक्का प्रक्रियावाट वचत भएको रकम वाट सोही योजनामा ओभरल्यापीङ नहुने देखिएमा थप कार्य गर्ने गरी स्टेमेट गरी वचत रकमको ठेक्का प्रक्रिया अघि वढाइउने र योजनामा थप कार्य नभएको अवस्थामा वचत रकम निर्णय अनुसार खर्च गर्ने ।

**निर्णय नं. १४** :- आर्थिक वर्ष ०७७०७८ को स्वीकृत वजेटवाट निर्माण सम्वन्धी योजना ठेक्का प्रक्रियामा जादा वजेट वचत भएकोले उक्त वचत वजेटवाट सोही स्थानमा ओभरल्यापीङ नहुने देखिएमा वाकी कार्यको लागी थप लागत स्टेमेट गरी ठेक्का प्रक्रिया कार्यान्वयन गर्ने र योजनामा थप कार्य नभएको अवस्थामा वचत रकम निर्णय अनुसार खर्च गर्ने ।

**निर्णय नं. १५** :- भूमिहिन दलित, भूमिहिन सुकुमवासी र अव्यवस्थित वसोवासीको स्थानीय तहवाट लगत संकलन सम्बन्धी कार्यविधि ,२०७७ आधारमा रहि कमलामाई नगरपालिकावाट तयार गरेको कार्यविधि लाई संशोधन गर्ने ।

**निर्णय नं. १६** :- प्रदेश सरकारवाट प्राप्त समपुरक कोष मा विनियोजन रकमवाट विषेश परिस्थती ले गर्दा वडा नं. ८ र १२ वाहेक अन्य योजनाहरु ठेक्का प्रक्रियावाट कार्यान्वयन गर्ने ।